इमेल —barengrm@gmail.com
वेब —www.barengmun.gov.np

# बरेङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुग्दिशिर, बागलुङ
२०७३
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७७/७८
चलानी नं. ५२१

श्री वडा कार्यालय सबै,

बरेङ गाउँपालिका बागलुङ ।

**विषयः निवेदन संकलन गर्ने सम्वन्धमा ।**

उपर्युक्त विषयमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय(घरेलु तथा साना उद्योग कार्यालय) को च. न. ३७९ मिति २०७७/०८/२६ को पत्रानुशार उद्यम व्यवसाय सञ्चालन र प्रवद्धन गर्न चाहने व्यक्तिहरुलाई रोजगारी सृजना गर्ने उद्देश्य रहेको हुँदा सोहि पत्रको व्यहोरा अनुसारको निवेदन संकलन गरी पठाउनु हुनको लागि अनुरोध छ ।

..................

रमेश थापा

प्रमुख प्रशासकीय अधिकृत

फोन.नं.०६८५२०१२३

प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

गण्डकी प्रदेश,बागलुङ

## तालिम संचालन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७।०८।२८

यस कार्यालयको चालु आ.व. २०७७/२०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कोभिड १९ को प्रकोपका कारण वैदेशिक रोजगारीबाट स्वदेश फर्केका तथा स्वदेशमा रोजगारी गुमाएका व्यक्तिहरु र सिप हासिल गरी उद्यम व्यवसाय संचालन र प्रवर्द्धन गर्न चाहाने सबै व्यक्तिहरुका लागि रोजगारी सिर्जना गर्ने उद्देश्यले तपशिलमा उल्लेखित विषयका सिपमूलक तालिम र उद्यमशिलता विकास तालिम संचालन गर्ने कार्यक्रम भएको हुँदा निर्धारित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले मिति २०७७।०९।१२ सम्म आफूले लिन चाहेको तालिमको विषयसमेत उल्लेख गरी तपशिल अनुसारका कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| सि.नं. | तालिमको नाम | न्यूनतम योग्यता | कैफियत |
|---|---|---|---|
| १ | उद्यमशिलता विकास तालिम | कक्षा ८ उत्तिर्ण | |
| २ | प्लम्बिङ / स्यानिटरी फिटिङ | कक्षा ८ उत्तिर्ण | |
| ३ | मोटर साईकल मर्मत | कक्षा ८ उत्तिर्ण | |
| ४ | ईलेक्ट्रोनिक्स मर्मत | कक्षा १० उत्तिर्ण | |
| ५ | मोवाईल फोन रिपेयरिङ | कक्षा ८ उत्तिर्ण | |
| ६ | वेल्डीङ (ग्रील) निर्माण | कक्षा ८ उत्तिर्ण | |
| ७ | छाला जुत्ता झोला बनाउने | कक्षा ८ उत्तिर्ण | |
| ८ | आधारभूत कटाई सिलाई | कक्षा ८ उत्तिर्ण | |
| ९ | कटाई सिलाई एडभान्स | आधारभूत तालिम प्राप्त गरेको, | |
| १० | ढाका बुनाई | कक्षा ८ उत्तिर्ण | |
| ११ | एडभान्स ढाका डिजाईन | आधारभूत तालिम प्राप्त गरेको | |
| १२ | ब्युटी पार्लर | कक्षा ८ उत्तिर्ण | |
| १३ | विद्युत जडान / हाउस वायरिङ | कक्षा ८ उत्तिर्ण | |
| १४ | टायल मर्मत तथा फिटिङ्ग | कक्षा ८ उत्तिर्ण | |
| १५ | हाते कागज बनाउने | कक्षा ८ उत्तिर्ण | |
| १६ | फेसन डिजाइन | आधारभूत तालिम प्राप्त गरेको | |

नोट: सम्बन्धित स्थानिय तह वा कुनै सामाजिक संस्थाले तालिम माग गरी पठाउँदा इच्छुक सहभागी हरुको निवेदन र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित यस कार्यालयको ईमेल ठेगाना : csiobaglung@gmail.com मा पठाउन सकिने छ। तालिम कार्यक्रमहरु सम्भव भएसम्म सम्बन्धित स्थानिय तहमा संचालन गरिने छ। आवेदकको माग सङ्ख्या तथा आवश्यकताको आधारमा तालिम कार्यक्रम थपघट गर्न सकिने छ।

कार्यालय प्रमुख

घरेलु तथा साना उद्योग कार्यालय बागलुङ

प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

गण्डकी प्रदेश,बागलुङ

फोन.न.०६८५२०१२३

पत्र संख्या: ०७७।०७८
च.नं.: ३६९

मिति :२०७७।०८।२६

**विषय: तालिमको माग पठाउने सम्बन्धमा ।**

**श्री जिल्ला स्थित स्थानीय तहहरु सबै,**

यस कार्यालयबाट चालु आ.व मा सचालन हुने उद्यमशिलता विकास तालिम र विभिन्न सिप विकास तालिमहरुको लागि ईच्छुक नेपाली नागरिकहरुबाट आवेदन माग गरिएको हुँदा बढी जनसम्पर्क हुने कार्यालयहरुमा समेत प्रचार प्रसार र जानकारीको लागि सूचना टाँस गर्ने व्यवस्था भए अनुसार तहाँ कार्यालयको सूचना पाटीमा पनि यसै पत्र साथ सलग्न सूचना टाँसेर सहयोग गरिदिनु हुन अनुरोध छ । साथै स्थानीय आवश्यकता र मागमा आधारित भई सूचनामा उल्लेखित तालिमको विषयवस्तु छनौट गरी इच्छुक प्रशिक्षार्थीको नामावली यस कार्यालयको ईमेल ठेगाना csiobaglung@gmail.com मा पठाईदिनु हुन अनुरोध छ ।

२०७७।०८।२६
कार्यालय प्रमुख
कार्यालय प्रमुख

" स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"

## तालिम आवेदन फारम

श्री कार्यालय प्रमुख ज्यू,
घरेलु तथा साना उद्योग कार्यालय बागलुङ ।

महोदय,

म वैदेशिक रोजगार गुमाई आएको/स्वदेशमै बेरोजगार रहेकोले त्यस कार्यालयबाट सञ्चालन गरिने उद्यमशिलता/सिप विकास तालिममा सहभागी हुन ईच्छा लागेकोले मिति २०७७०८।२८ को सूचनामा उल्लेखित तालिमहरु मध्ये मेरो प्राथमिकताको आधारमा छनौट गरी यो आवेदन भरी बुझाएको छु । उक्त कार्यक्रममा सहभागी हुने मौका प्रदान गरि दिन अनुरोध गर्दछु ।

१. निवेदकको नाम थर : २. बाबुको नाम:

३. पति/पत्निको नाम: ४. शैक्षिक योग्यता:

५. ठेगाना: क. स्थायी: ख: अस्थायी:

६. सम्पर्क मोबाईल न : ७. उमेर: ८. लिङ्ग: पुरुष/महिला

९. विवाहित/अविवाहित/एकल: १०. पेशा: ११. परिवार संख्या:

१२. परिवारको पेशा:

१३. तालिम पछि पेशा/व्यवसाय गर्न सक्ने/नसक्ने: ......................................

१४. यस अघि कुनै तालिम लिएको/नलिएको : ......................................

लिएको भए
१४.१ तालिम दिने संस्था/कार्यालयको नाम:
१४.२ तालिमको विषय:
१४.३ तालिम प्राप्त सीपको सदुपयोग भएको छ/छैन ......................................
१५. तालिम विना कुनै सीप जानेको भए उल्लेख गर्ने ......................................
१६ यो तालिम आवश्यक पर्नुको कारण: ......................................
१७. प्राथमिकताका आधारमा छनौट गरेका तालिमहरु (आवश्यक भएको र लिन सक्ने मात्र)
१ २ ३

४ ५ ६

आवेदकको सही : मिति:

**संलग्न राख्नुपर्ने कागजातहरु:**

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी,
२. शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपी,
३. यस अगाडि कुनै तालिम लिएको भए सो को प्रमाण- पत्रको प्रतिलिपी ।